भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ६० औं बैठकका प्रस्ताव तथा निर्णयहरु
मिति : २०८३/०६/१६

**<u>प्रस्तावहरु :</u>**

प्रस्ताव नं. १ : हार्डकपीबाट टेन्डर आव्हान गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. २ : दर विश्लेषण स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ३ : प्रधानाध्यापक छनौट सम्वन्धी सूचना प्रकाशन सम्वन्धमा ।

प्रस्ताव नं. ४ : विद्यालय समायोजन र एकीकरण गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ५ : भीमेश्वर नगरपालिकाका विभिन्न भवन/संरचना भाडामा लगाउने सम्वन्धमा ।

प्रस्ताव नं. ६ : तपसिलका कार्यविधि स्वीकृत सम्बन्धमा ।

क) विवाह जोडी प्रोत्साहन कार्यविधि, २०८३

ख) अविवाहित महिला जीवन निर्वाह प्रोत्साहन कार्यक्रम कार्यविधि, २०८३

ग) बाख्रा पालक किसान प्रोत्साहन तथा खसी बोका मेला कार्यक्रम सन्चालन कार्यविधि, २०८३

प्रस्ताव नं. ७ : खानेपानी मुहान दर्ता अनुमोदन सम्वन्धमा ।

प्रस्ताव नं. ८ : महिला आत्मनिर्भर कार्यक्रमको छुट रकम भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. ९ : बागमती प्रदेशस्तरीय उपप्रमुखको भूमिका र जिम्मेवारी विषयक कार्यशाला गोष्ठी सम्वन्धमा ।

प्रस्ताव नं. १० : योजना सम्वन्धमा ।

प्रस्ताव नं. ११ : आयोजना रकमान्तर/शिर्षाकान्तर सम्वन्धमा ।

प्रस्ताव नं. १२ : राष्ट्रिय परिचय पत्र तथा राहदानीको निशुल्क अनलाईन फाराम भर्ने कर्मचारीको पारिश्रमिक सम्वन्धमा ।

प्रस्ताव नं. १३ : विविध सम्वन्धमा ।

क) महिलाको पाठेघरको मुखको क्यान्सर शल्यक्रिया सहयोग कार्यविधि, २०८३ तयार गर्ने सम्वन्धमा ।

ख) आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

ग) सातदोवाटो सपिंग कम्प्लेक्स सम्वन्धमा ।

घ) रिक्त कार्यालय सहयोगीको सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

ङ) बोलेरो दुर्घटनामा परी घाइतेहरुको हवाई उद्दार तथा उपचार खर्च सम्वन्धमा ।

च) मासु सुपरिवेक्षक तोक्ने सम्वन्धमा ।

छ) पहिरो रोकथाम सम्वन्धमा ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ६० औं बैठकका प्रस्ताव तथा निर्णयहरु
मिति : २०८३/०६/१६

निर्णय नं. १ : नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट e-GP प्रणाली कार्यान्वयन नभएसम्म आ.व. २०८३/०८४ का लागि हार्डकपी मार्फत बोलपत्र खरिद तथा दाखिला गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने । साथै यसअघिको Smart Board र मसलन्द खरिदको लागि आव्हान भएको बोलपत्रको प्रक्रिया अनुमोदन गर्ने ।

निर्णय नं. २ : यस नगरपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक पूर्वाधार आयोजनाहरु सम्पादन गर्नका लागि प्रचलित नम्स र मापदण्ड बमोजिम पूर्वाधार विकास तथा वातावरण शाखाबाट तयार पारिएको नगर दर विश्लेषण, २०८३/०८४ स्वीकृत गर्ने ।

निर्णय नं .३ : यस नगरपालिका क्षेत्रभित्र रहेका सबै सामुदायिक विद्यालयहरुमा सङ्घीय शिक्षा नियमावली २०५९ (दशौ संशोधन) को नियम ९३ अनुसार प्रधानाध्यापकहरुको शैक्षिक योग्यता, सेवा अवधि, कार्यरत तहका आधारमा सम्वन्धित विद्यालय तथा यस नगरपालिका क्षेत्रभित्रबाट प्रधानाध्यापक छनौट/नियुक्त गर्न मङ्सिर मसान्तभित्र कार्यसम्पादन गर्ने गरी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४ : शिक्षा ऐन, २०२८ को दफा १५ र शिक्षा नियमावली, २०५९ (दशौ संशोधन २०८३) को नियम १२क बमोजिम भीमेश्वर नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरु समायोजन र एकीकरण आवश्यक प्रक्रिया समयबद्व रुपमा अगाडि बढाउन निर्देशन दिने ।

निर्णय नं. ५ : भीमेश्वर नगरपालिका अन्तर्गतका देहायका संरचनाहरु भाडामा लगाउने सम्वन्धमा पटक पटक सूचना प्रकाशन गर्दा समेत भाडामा नगएकोले राजश्व परामर्श समितिको सिफारिसमा देहाय बमोजिम भाडा निर्धारण गरी कार्यान्वयन गर्ने र आगामी नगरसभाबाट अनुमोदन गराउने ।

| क्र.स. | भाडामा लगाउने संरचना | भाडा सम्वन्धी विवरण | कैफियत |
|---|---|---|---|
| १ | भीमेश्वर नगरपालिका परिसरमा रहेको चमेना गृह, भीनपा ३, चरिकोट | मानस्वी खाजा घर, भीनपा ३ सँग वार्षिक रु ७२,०००/- (बहत्तर हजार) मा सम्झौता गर्ने । धरौटी वापत ३ महिना बरावर हुन आउने रकम अग्रिम दाखिला गर्नुपर्ने । | तोकिएको मूल्यसूची कायम हुनेगरी । |
| २ | पाखलती व्यवसायिक भवन, भीनपा २, दोलखा | न्यूनतम भाडा दर निर्धारण गरी छुट्टाछुटै सटर भाडामा लगाउन सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने । धरौटी वापत ३ महिना बरावर हुन आउने रकम अग्रिम दाखिला गर्नुपर्ने । | तीन पटकसम्म भाडामा लगाउन सूचना प्रकाशन गर्दा समेत भाडामा नगएकोले राजश्व परामर्श समितिले निर्धारण/सिफारिस गरेको न्यूनतम भाडा रु ७१००० |

| | | | |
|---|---|---|---|
| ३ | सातदोवाटो सपिंग कम्प्लेक्स "ख" को भुई तला, भीनपा ३, चरिकोट | न्यूनतम भाडा दर रु ५५,०००/- (पचपन्न हजार) निर्धारण गरी भाडामा लगाउन सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने । | तीन पटक सूचना प्रकाशन गर्दा समेत भाडामा नगएकोले |
| ४. | दोलखा उद्योग वाणिज्य संघको कोसेली घर | सातदोवाटो सपिंग कम्प्लेक्स "क" को कोसेली घर सटरको सम्झौता नवीकरण सम्वन्धमा साविक भाडा दरमा सम्झौता बमोजिम भाडा वृद्धि हुने गरी नवीकरण गर्ने । | साविक भाडा दरमा वार्षिक ५% (प्रतिशत) वृद्धि हुने गरी । |

निर्णय नं. ६ : यस नगरपालिकाले तयार पारेको तपसिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने ।

क) भीमेश्वर नगरपालिकाभित्रका ३५ वर्ष उमेर नाघेका महिला र ४० वर्ष उमेर नाघेका पुरुषले विवाह गरेमा विवाह प्रोत्साहन भत्ता कार्यक्रम सन्चालन कार्यविधि, २०८३

ख) भीमेश्वर नगरपालिका स्थायी बसोबास भएका अविवाहित एकल महिलाको जीवन निर्वाह प्रोत्साहन भत्ता वितरण कार्यक्रम सन्चालन कार्यक्रम, २०८३

ग) खसी बोका मेला कार्यक्रम सन्चालन मापदण्ड, २०८३

निर्णय नं. ७ : यस नगरपालिकाको जल उपयोग व्यवस्थापन समितिको मिति २०८३/०६/१४ गते बसेको बैठकको निर्णयानुसार यस नगरपालिका वडा नं. ८ मा रहेको बोल्दे खोला खानेपानी मुहान श्री यार्सा हिले खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नाममा मुहान दर्ता गर्ने निर्णयलाई अनुमोदन गर्ने ।

निर्णय नं. ८ : यस नगरपालिकाको महिला आत्मनिर्भर कार्यक्रम अन्तर्गत भैसी पालन व्यवसाय सन्चालन गरेकी भीनपा ७ निवासी अनेद्री सुवेदीले गत आ.व.२०८२/०८३ मा पाउनु पर्ने रु १५,०००/ (पन्ध्र हजार रुपैया) विविध कारणले छुट हुन गएकोले उल्लेखित रकम सि.नं. ३८६ बाट उपलव्ध गराउने ।

निर्णय नं.९ : यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम बागमती प्रदेशस्तरीय उपप्रमुख/उपाध्यक्ष को भूमिका र जिम्मेवारी विषयक कार्यशाला गोष्ठी २०८३, कार्तिक १२-१३ गते यस नगरपालिकामा सन्चालन गर्ने ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल



निर्णय नं. १० : भीमेश्वर नगरपालिकाको आ.व. २०८३/०८४ को योजना तर्जुमा प्रक्रियामा समावेश हुन नसकेका, स्थानीय समुदायको माग तथा जनप्रतिनिधिहरुको स्थलगत निरीक्षणबाट अतिआवश्यक देखिई सिफारिस भएका निम्न आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने आगामी नगरसभामा अनुमोदन गराउने गरी तपसिलको शीर्षकहरुबाट रकम उपलव्ध गराउने ।

| सि.नं. | योजना तथा कार्यक्रमको नाम र ठेगाना | मागगर्नेनिकाय/व्यक्ति | शीर्षक नं. | रकम रु |
|---|---|---|---|---|
| १ | ७ दिनें पर्स ब्याग बनाउने तालिम, भीनपा ३ | माईती मन्चदोलखा | १६८ | १७५,०००/- |
| २ | ७ दिने बुके, ब्याज, साडी पिन बनाउनें तालिम, भीनपा ३ | माईती मन्च, दोलखा | १६८ | १[illegible]००/- |
| ३ | पहिरो रोकथाम कार्य, भीनपा २ | पन्चकुमारी कुसुले | ३५१ | १००,०००/- |
| ४ | पहिरो रोकथाम कार्य, भीनपा ९ | टेक बहादुर श्रेष्ठ | ३५१ | ५०००० |
| ५ | भण्डारे गोरेटो बाटो निर्माण, भीनपा ९ | उपभोक्ता समिति | ३५१ | १००,०००/- |
| ६ | गोगने गोरेटो बाटो निर्माण, भीनपा ९ | उपभोक्ता समिति | ३५१ | १००,०००/- |
| ७ | थामीचौतारा चौलाय सडक स्तरोन्नति, भीनपा ९ | उपभोक्ता समिति | ३५१ | १००,०००/- |
| ८ | नाट्यश्वरी मन्दिरमा ट्वाकल तथा पित्तल झल्लर हाल्ने कार्य, भीनपा ३ | उपभोक्ता समिति | ३३२ | १५०,०००/- |
| ९ | महांकाल भगवती मन्दिर रुद्री चण्डीपाठ (नवरात्री), भीनपा ५ | व्यवस्थापन समिति | ५१ | ३५,०००/- |
| १० | पहिरो रोकथाम कार्य, भीनपा ५ | सन्दिप मुंगाती | ३३२ | २००,०००/- |
| ११ | बाँचिला विद्युतीय टेकी भाडा उत्पादनको लागि टहरा निर्माण सहयोग | हिरा बहादुर घतानी | २२१ | ५००००/- |
| १२ | उखुबारी प्रतिक्षालयमा पानीको धारा कुर्सि व्यवस्थापन, भीनपा ७ | राधिका बुढाथोकी | ३५१ | ५०,०००/- |

...प्रसाद सुवेदी

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १३ | मसानडाँडा चौतरा -गुम्फुग सिढी निर्माण, भीनपा १ | उपभोक्ता समिति | ३५१ | १५०,०००/- |
| १४ | खहरे टोल सडक, भीनपा ५ | उपभोक्ता समिति | ३५१ | २००,०००/- |
| १५ | तार्थली खत्रीगाउँ खानेपानी व्यवस्थापन, भीनपा ३ | उपभोक्ता समिति | ३५१ | ३०,०००/- |
| १६ | सेतिचान्द्रभूमे मन्दिर संरक्षण, भीनपा ९ | उपभोक्ता समिति | ३५१ | १००,०००/- |
| १७ | ओखेनी देउराली सडक ढलान, भीनपा ४ | उपभोक्ता समिति | ३५१ | २५०,०००/- |
| १८ | च्छोरोल्पा सल्लेस्वारा गोरेटो बाटो निर्माण, भीनपा ६ | उपभोक्ता समिति | ३५१ | ५०,०००/- |
| १९ | सिंहवन गेट निर्माण अधुरो कार्य पूरा गर्ने, भीनपा २ | उपभोक्ता समिति | ३३२ | १५०,००० |
| २० | कुटीडाँडा मा.वि खेलकुद सामाग्री सहयोग कार्यक्रम | व्यवस्थापन समिति | १६८ | ५०,०००/- |
| २१ | कालिन्चोक रिसोर्ट - बसपार्क गोरेटो बाटो, भीनपा ३ | उपभोक्ता समिति | ३५१ | ४०,०००/ |
| २२ | दोलखा जिल्ला होटल तथा पर्यटन व्यवसायी संघको वार्षिक साधारण सभामा बास तथा खाजा, खाना व्यवस्थापन | दोलखा जिल्ला होटल तथा पर्यटन व्यवसायी संघ, दोलखा | २१३ | ५०,०००/- |
| २३ | नगरपालिका सरोकारवाला भेला खाजा खर्च | रेसिका मिठाई भण्डार | १९३ | ४०,०००/- |
| २४ | रामडाँडा - बासघारी सडक, भीनपा १ | उपभोक्ता समिति | ३३२ | १००,०००/ |
| २५ | भूमेथान सुनटोपर मन्दिर निर्माण तथा मर्मत, भीनपा २ | उपभोक्ता समिति | ३३२ | १५०,०००/ |
| २६ | कालभैरव मन्दिर मर्मत, भीनपा ७ | उपभोक्ता समिति | ३१ | २००,०००/- |
| २७ | पन्चे बाजा सिकाइ तालिम तथा सामाग्री व्यवस्थापन, भीनपा ७ | सानुबाबु ठकुरी लगायत्त | ५१ | १५०,०००/ |

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण [illegible]

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७४

भीमेश्वर नगरपालिक
नगर कार्यपालिकाको ६० औं बैठकका प्रस्ताव तथा निर्णयहर
मिति : २०८३/०६/१६

निर्णय नं. ११ : भीमेश्वर नगरपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रम विविध कारणले संशोधन गर्नुपर्ने भएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर गर्ने ।

| सि.नं. | हालको आयोजना तथा कार्यक्रम | रकम रु | संशोधित आयोजना तथा कार्यक्रम | रकम रु |
|---|---|---|---|---|
| १५२ | विभिन्न दिवस कार्यक्रम | ३००,०००/ | बिद्यालयस्तरीय वादविवाद कार्यक्रम | ५०,०००/ |
| ३१३ | चरिघ्यांग- बसपार्क सडक स्तरोन्नति, भीनपा ३ | ४००,०००/ | बसपार्क चरिघ्यांग सिचि मार्ग, भीनपा ३, दोलखा | ४००,०००/ |
| ५७७ | खानेपानी तथा सिंचाई मर्मत, भीनपा ५ | १००,०००/ | महंकाली भगवती मन्दिर परिसरभित्र गणेश र कुमारको मूर्ति खरिद, भीनपा ५ | १००,०००/ |
| ७५ | ज्मबचम जभबतिज कार्यक्रम, भीनपा ६, ७, ८ र ९ | १००,०००/ | Heard health कार्यक्रम, भीनपा ६, ७, ८ र ९ | १००,०००/ |
| २९० | सार्कीस्वारा गोलाई ठुल्चौर सडक, भीनपा ४ | ५००,०००/ - | सार्कीस्वारा गोलाई अप्पररोड पक्की सिढी निर्माण, भीनपा ४ | ५००,०००/ - |
| ५२५ | डकुमेन्ट्री निर्माण, भीनपा ४ | १००,०००/ | जनतासँग प्रहरी प्रविधि हस्तान्तरण | ७५०००/- |
| ५२२ | यन्त्र उपकरण अनुदान, भीनपा ४ | ३५०,०००/ - | यन्त्र उपकरण अनुदान | ३७५,०००/ - |
| ५३७ | छ्याने खोला कोले खेत सिंचाई, भीनपा ४ | २००,०००/ - | किस्नरे कोले खानेपानी स्तरोन्नति | २००,०००/ |
| ५४९ | सार्केस्वारा पक्की गोरेटो बाटो, भीनपा ४ | १००,०००/ - | सार्केस्वारा पक्की गोरेटो बाटो तथा सडक स्तरोन्नति, भीनपा ४ | १००,०००/ - |
| ४९९ | बाउनगाउँ खत्रीगाउँ पैदल मार्ग निर्माण, भीनपा ३ | २००,०००/ - | अधिकारी टोल पैदल मार्ग निर्माण, भीनपा ३ | २००,०००/ - |

निर्णय नं. १२ : जिल्ला समन्वय समिति दोलखाको मिति २०८१ माघ ११ गतेको निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, दोलखाको हाताभित्र राष्ट्रिय परिचयपत्र तथा राहदानीको निशुल्क अनलाईन फाराम भर्ने कार्यका लागि नियुक्त कम्प्युटर अपरेटर (सहायक पाचौं) को भुक्तानी दिनुपर्ने पारिश्रमिक मध्ये भाद्र महिनाको पारिश्रमिक जिल्ला प्रशासन कार्यालय दोलखाको प्रमाणित डोर हाजिरी बमोजिम सि.नं. १ बाट भुक्तानी दिने ।

... प्रसाद सुवेदी
... अधिकृत

ईश्वर नारायण ...

भीमेश्वर नगरपालिक

नगर कार्यपालिकाको ६० औं बैठकका प्रस्ताव तथा निर्णयहर

मिति : २०८३/०६/१६

निर्णय नं. १३ : विविध

क) महिलाहरुको पाठेघरको मुखको क्यान्सर शल्यक्रिया सहयोग कार्यविधि, २०८३ तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने ।

ख) यस नगरपालिकाको आर्थिक विकास समितिको मिति २०८३/०६/१३ गते बसेको बैठकको निर्णय (कृषि कार्यक्रमको सूचना प्रकाशन मापदण्ड) अनुमोदन गर्ने ।

ग) यस नगरपालिका वडा नं. ३ स्थित सातदोवाटो सपिंग कम्प्लेक्स (ख) को सातौं तलामा इमर्जेन्सी एक्जिट (आपतकालीन भर्याङ) निर्माण तथा सातदोवाटो सपिंग कम्प्लेक्स (क) को कोसेली घर र ट्राफिक कक्षमा पानी चुहावट भएकोले उक्त मर्मतका लागि प्राविधिक लागत ईष्टिमेट तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने कार्यालयलाई निर्देशन दिने ।

घ) ७ नं. वडा कार्यालयमा रिक्त कार्यालय सहयोगी पद १ करार सेवामा लिन सूचना प्रकाशन गर्ने ।

ङ) यस नगरपालिका वडा नं. २ फुलपामा मिति २०८३/०६/१६ गते विहान बोलेरो दुर्घटना भई सिकिस्त घाईते भएका श्री कालिका तामांग, भीनपा २ लाई आकस्मिक हवाई उद्धार गर्दा लागेको खर्चमा रु १,००,०००/- (एक लाख) यस नगरपालिकाबाट उपलव्ध गराउने र अन्य घाईतेहरुलाई पशुपति चौलागाईं स्मृति अस्पतालमा उपचार गर्दाको सम्पूर्ण खर्च व्यहोर्ने ।

च) नेपाल सरकारको पशु बधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयनका लागि यस नगरपालिकाका पशु विकास अधिकृत डा. निशान दाहाललाई यस नगरपालिकाको मासु सुपरिवेक्षक तोक्ने ।

छ) भीमेश्वर नगरपालिका वडा नं. ४ स्थित कोले खेतमा गएको ठुलो पहिरोको कारण सार्वजनिक बाटो समेत पहिरोले लगी नागरिकहरुको आवतजावतमा समस्या भएकोले तत्काल पहिरो नियन्त्रण गरी नागरिकको खेत र सार्वजनिक बाटोको संरक्षण गर्न २०० थान तारजाली उपलव्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन कार्यालय, चरिकोट, दोलखालाई अनुरोध गर्ने ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

ईश्वर नारायण मानन्धर
नगर प्रमुख